# आँसु र उत्सव

सरोज धिताल

# कविता-क्रम


१.  प्रेम
२.  तिमीलाई चिन्दा
३.  रातो घाम
४.  मेरी तिमी
५.  सम्झना
६.  प्रेयसी र फूल
७.  तस्वीर
८.  आस्था र अवतार
९.  विजय
१०. मानिस र गिद्ध
११. एकादेशमा
१२. स्फटिकको चीसो भित्र कैद इतिहास
१३. छि !
१४. जनता
१५. धरहरा- लाशहरूको
१६. घामको सपना
१७. रेतासुरको राज्यमा
१८. रहर
१९. आँसु
२०. पीडा नीलकण्ठको

२१. के त्यो मान्छे हो ?
२२. मेरो प्रिय कवि
२३. मान्छे खडेरी
२४. समारोह
२५. लाहुरेकी तरुनी स्वास्नी
२६. मान्छेकी छोरी
२७. गाउँको त्यो बूढो मान्छे
२८. मुस्कुराइरहने ए युवति !
२९. पीडा
३०. पीडाको चित्र
३१. मरुस्थलको कथा
३२. छोरी र चित्र
३३. ईश्वर, मान्छे र सैतान
३४. सैतानको युग
३५. पहिरो र मान्छे
३६. घाउ
३७. ढुङ्गा
३८. आँसु र उत्सव
३९. ऊ आएन
४०. बादलको कविता
४१. ईश्वर र बालिका
४२. साँझ
४३. एयरपोर्ट

# प्रेम

शब्दहरू
जो मूर्तिकारको सानो छिनो भएर
ढुङ्गालाई अर्थ दिन्छन्,
शब्दहरू
जो पानीको विशाल प्रवाह भएर
नदीलाई जीवन दिन्छन्
शब्दहरू
जसले सृष्टि गर्छन्
जसले अर्थ दिन्छन्
र जसले संहार पनि गर्छन्
तिनै शब्दहरू
कुनैकुनै बेला
आफैँ
लाजले शिर पनि निहुराउँछन्

टिप्न सक्ने वस्तु हो र सत्य ?
शब्दले कसरी बाँधोस् ?
प्राप्य छ र पूर्णता ?
शब्दमा कसरी अटाओस् ?
आरोह्य उचाइ हो र ईश्वर ?
शब्दले कसरी चढोस् ?

प्रेम
ईश्वरको अर्को नाम हो
ईश्वर
पूर्णताको अर्को नाम हो

पूर्णता
सत्यको अर्को नाम हो ।

त्यसैले
जीवन
प्रेमको खोज हो
यात्रा हो- कहिल्यै नटुङ्गिने ।

# तिमीलाई चिन्दा

तिमीलाई चिन्दा
के तिम्रा आँखाले खोलेथे ढोका
र प्रवेश गरेथेँ तिम्रो सानो संसारमा ?
तिमीलाई चिन्दा
के तिम्रा स्वरहरूले खोलेथे ढोका
र प्रवेश गरेथेँ तिम्रो मनको विहारमा ?
तिमीलाई चिन्दा
तिम्रो ओठमा लिपेको मुस्कान
वा तिम्रो परेलीमा झुन्डिएको थकान
तिम्रो ठाडो शिरमा देखिने आत्मसम्मान
वा तिम्रो सुकोमल अनुहारमा लुकेको स्वाभिमान
केले खोलेथ्यो द्वार
प्रिये !
र मैले पाएथेँ तिम्रो संसार ?

आज
जब
हाम्रा स-साना संसारहरूबीच
कुनै सीमा रहेन
एकाकार भैसकेका छन् ती
अब त्यो

तिम्रो रहेन, मेरो रहेन
अझै पनि चञ्चल मन
उत्सुक छ जान्न
भन न प्रिये,
कसले खोलेथ्यो त्यो द्वार
र मैले पाएथेँ तिम्रो सानो संसार ?

१९/९/०३

# रातो घाम

मध्याह्नको घाममा
धपक्क बलेकी नवयौवना
तिमीलाई पाएँ
रमाएँ ।
उषाको मधुरो लालीमा
शैशव मिलन झन् कस्तो हुँदो हो ?

उमेरसँगै
गहिरिँदै छन् जतिजति
रेखाहरू गालामा
मुस्कानका
मेटिँदै छ तिर्खा
उषाको लालीको

प्रेममा
उत्तिकै सुन्दर हुँदोरहेछ
रातो घाम
उषाको होस्
या सन्ध्याको ।

२००३

# मेरी तिमी

रहर छ भने
भुईंकुहिरो भएर आऊ
र मलाई छोपिदेऊ
म चुपचाप मुस्कुराइरहन्छु
रमाइरहन्छु ।

चाहन्छ्यौ भने
सिमसिम पानी बनेर आऊ
विस्तारै विस्तारै मलाई लछप्प भिजाऊ
म आँखा चिम्लिदिन्छु ।

घामै भएर आऊ र तताऊ मलाई
वा जून भएर आऊ र नुहाऊ मलाई
बाढी भएर आऊ र बगाऊ मलाई
वा हुरी भएर आऊ र उडाऊ मलाई

म मुस्कुराइरहन्छु
रमाइरहन्छु
किनकि
कल्पकल्पदेखि
तिमी मभित्रै छ्यौ
र म तिमीभित्रै

१८/९/०३

## सम्झना

चकचके बादल
जबर्जस्ती छेक्न खोज्छ
पूर्णिमाको जूनलाई

मायाले
विस्तारै पन्छाएर जतनका साथ
झलमल्ल लाग्छ जून
र मुसुक्क हाँस्छ मतिर हेर्दै

जसरी-
वर्षौं पहिले
शिवरात्रिका दिन
बाटो छेकेर बसेका बच्चाहरूलाई
मायाले
विस्तारै पन्छाएर जतनका साथ
सुस्तरी अघि बढेकी थियौ तिमी
र मुसुक्क हाँसिथ्यौ मतिर हेर्दै ।

नोभेम्बर २००१

# प्रेयसी र फूल

भीरमा फुलेको गायत्री फूल
उसको जुरोमा पक्कै सुहाउँछ
किनकि त्यस्तै गुलाबी हुन्छ उसको
मधुर मुस्कान ।

तर मेरी मायालाई
गायत्री फूल
सबभन्दा बढी भीरमै सुहाउँछ
किनकि ऊ माया गर्न जान्दछे ।

लेकमा फुलेको लालीगुराँस
उसको केसमा अझै सुहाउँछ
किनकि त्यस्तै रातो हुन्छ उसको
मायाले रुझेको ओठ

तर उसलाई गुराँस
केवल लेकैमा सुन्दर लाग्छ
किनकि
सुन्दरताको मुटु हुन्छ
र त्यो मुटुको धड्कन ऊ जान्दछे ।

कसलाई मन पर्दैन
डाँफे र मुनालमा नाच्ने
कालिज र मयुरमा खेल्ने
सप्तरङ्गको सहस्रलीला !

तर मेरी माया,
ती रङ्गहरूलाई कैद गर्न सक्तिन
ती बुट्टाहरूलाई भित्तामा झुन्ड्याउन सक्तिन
किनकि
प्रकृतिकी छोरी हो ऊ
आमाको काखको न्यानो जान्दछे ।

जसरी मनपर्छ मलाई
तातोतातो उसको सास
उसलाई पनि औधि मनपर्छ
मेरो साथ र मेरो न्यानो हात
तर पनि बाँधेर मलाई ऊ राख्तिन
किनकि
माया गर्नेहरूका बीचमा
स्वर्गको बतास खेल्ने
सानो आकाश चाहिन्छ-
ऊ यो राम्ररी जान्दछे ।

२२/११/९७

# तस्वीर

भित्ताको तस्वीर
देखाउँछ तिमीलाई कि
लुकाउँछ सबलाई

फरवरी २००४

# आस्था र अवतार

मान्छेको
अगाध आस्था थियो-
भगवान्‌मा ।

त्यसैले
निस्तेज दृष्टि भएको
माछाको रूप लिँदा उसले
मान्छे मुस्कुराइरह्यो,
सुस्त कछुवा बनिदियो भगवान्
मान्छे पूजा गरिरह्यो,
हरे !
त्यो कुरूप सुङ्‌गुरकै रूप लेओस्
वा वीभत्स नृसिंह रूप धारण गरोस्
मान्छेले भजन गाइरह्यो
प्रार्थनामै लीन रह्यो ।

मान्छेको अगाध आस्था थियो-
भगवान्‌मा ।

तर एकदिन
जब आकाशवाणी भयो-

‘भगवान्को अर्को अवतरण हुँदैछ
र यसपालि
आकर्षक अनुहारको धनी
कुशल मायावी
मनुष्य शरीरभित्र
भगवान्को प्रवेश हुँदैछ ।’

अनि मान्छेको आस्था भत्कियो ।

मान्छेले माछालाई नबुझ्ला
कछुवा र वराहलाई नबुझ्ला
तर सुन्दर अनुहार अनि
बलिष्ट शरीरसँगै
कुटिल मन लिएर
शैतानी महलमा बस्ने
आफैँजस्तो देखिने प्राणीलाई
मान्छेले जति अरू कसैले बुझ्दैन ।

२६/२/०४

# विजय

होला त भनी
मैले तिम्रो कुरा सुनेँ
मेरो हिरो !
मिल्काएँ आफ्ना आग्रहहरू
र तिमीले दिएको झोला भिरेँ

झोलामा एउटा कलम थियो
र थियो
एउटा बन्दुक ।

तिमीले भन्यौ-
'कलमलाई हतियार बनाऊ
र संहार गर
गन्हाएको, कुहिएको पुरानो संसारको ।'
तिमीले फेरि भन्यौ-
'लेख नौलो सुनौलो संसारको कविता
बन्दुकले ।'

अल्मलिएका मेरा औँलाहरूलाई
अल्मलिने समय थिएन
जिल्लिएको मस्तिष्कलाई मेरो

निमेष मार्ने फुर्सद थिएन
केही खोज्दै थिए आँखाहरू
तिनलाई डुल्ने आकाश थिएन

मेरा आँखाहरू, औँलाहरू
मनभित्र अटाउने सबै चीजहरू
बन्दुक खेलाई रहे
कलम चलाई रहे

आखिर त्यो चीर प्रतिक्षित पल आयो
प्रलय नादझैँ केही गड्गडायो
र
घोषणा गर्‍यौ
तिमीले
विजयको

'खै त विजय ?'
-मैले सोधेँ ।
तिमीले सायद केही देखाउन खोज्यौ
पछ्याइरहेँ म तिम्रा औँलाहरूलाई
जो हावामा अल्मलिएर एकछिन
चुपचाप लुत्रुक्क झुन्डिए ।
मेरो हिरो !
सोध्दैछु म अझै
खै, कहाँ छ त्यो विजय ?
तिमी भने
अझै टोलाइरहेका छौ

केही देख्दैछौ तिमी ?

परपरसम्म पनि
म त एउटै परेवा देखिरहेको छैन
धुवाँ अझै उडिरहेको छ
पोलिएको मासुको गन्ध बोकेर
मान्छेको अर्को कुनै आकृति भेटिएको छैन

कतै नजिकबाट आइरहेछ
कसैको आर्तनाद
जो तिम्रै पीडाजस्तो लाग्छ
कतै टाढाबाट आइरहेछ
कसैको चित्कार
जो मेरै सपना रोए जस्तो लाग्छ
फगत् तिमी र म
उभिइरहेका छौँ
धरतीको डढेको ढाडमाथि

भन त !
द्वापर युगमा पनि
के तिमी र म यसै गरी
टोलाएका थिएनौँ
महाभारत पछि ?

१८/९/०३

# मानिस र गिद्ध

‘अधिपति हुँ
सिङ्गो आकाशको’
भनेझैँ गरी
फिँजाएर आफ्ना
भीमकाय पखेँटाहरू
उड्दै आयो
त्यो
गिद्ध
चीसो ठिहिऱ्याउने छायाँ फ्याँक्दै
धरतीका तरेलीहरूमा
र बस्यो
थपक्क
अन्धकारमा उभिएको विशाल खण्डहरमाथि

उज्यालोको सानो टुक्रा खोज्दै
अन्धकारको अर्को कुनामा
यत्नसाथ हिँडिरहेको
मान्छे
झस्कियो भयले
थर्रर काम्यो चिन्ताले
रोयो ऊ पीडाले

केही दिनपहिले
ऐनामा
त्यस्तै-
त्यो गिद्धको जस्तै
देखेथ्यो उसले आफ्नो अनुहार

उसको त्यो भय
उसको चिन्ता
उसको त्यो पीडा
एक ढिक्का भयो
अन्तर्मनको आगोमा पग्लेर
च्याप्टियो आत्माभित्र पेलिएर
अनि तरवार बन्यो- मन्जुश्रीको झैँ
धारिलो
र
झिलिक्क बिजुली चम्के झैँ
काटियो एउटा गल्छी
अन्धकारको त्यो राज्यमा ।

प्रस्फुटित हुन थाल्यो जब
त्यस गल्छीभित्र
सानो अङ्कुर सुन्दरताको
अनि देख्यो मानिसले
उज्यालो
विस्तारैविस्तारै जो हुर्किंदै थियो
उसको गहिरो पीडासँगै

गल्छीपारि खण्डहरमा
गजक्क परेर बसेको गिद्ध

उज्यालोको प्रस्फुटनदेखि
बिल्कुल अनभिज्ञ
अझै फड्फडाउँदै थियो पखेँटा
घमण्डले
रमाउँदै अन्धकारमा

यो देखिरहेको मान्छे
निःशब्द प्रार्थनामा
पीडाको दियो बालेर
चुपचाप चिच्याइरह्यो

ईश्वर !
देखोस् न त्यसले पनि
यो दिव्य सुन्दरता !

२०/३/९८

# एकादेशमा

एकादेशमा
थिए रे मानिसहरू !

लुकाएर आफ्नो बलिष्ठ शरीर
धर्धरी रुन्थे ती
गुहार्दै विधातालाई

गाडेर समृद्धिको सारा स्रोत
पार्थे रे चीसो ढुसी
कुहाउँदै आत्मालाई

बिकाउन खोज्थे रे सिन्की गन्ध
अकर्मण्यताको भुँड्कोमा
खाँदेर आफैँलाई बेसरी

थन्क्याएर आफ्नो उर्वरा गर्भाशय
रुन्थे ती छाती पिट्दै
पराईका ढोकामा
पुत्रदानको भिक्षाटन गर्दै-

एकादेशमा

थिए रे
यस्ता पनि मानिसहरू
दुःस्वप्न जस्तो दलदलमा
जो भासिँदै थिए
छट्पटिँदै थिए

आफैँले रचेको दुःखको दहमा
जो पौडिँदै थिए
मर्दै थिए ती
ज्यूँदै !

एकरात
जब अन्धकार आकाशको कालो गहिराइमा
तन्द्राङतुन्द्रुङ भुन्डिएका
नपुंसक ग्रहहरू
पाखण्डी ताराहरू
टाढा बसेर टिलपिल टिलपिल गर्दै
धरतीलाई
प्रकाशले भिजाइदिने खोजेको
निरर्थक बहाना गर्दै थिए ।

कथाको देवदूत
सुस्तरी झरे झैँ आकाशबाट
आयो एउटा र मुस्कुरायो
करुणाको शीतल सागर झैँ

'गुहार ! गुहार !!' को आवाज
कर्णप्रिय सङ्गीत थियो जसका लागि
रोगाएको अल्छी मन

उब्जाउ जमिन थियो जसका लागि
कुशल प्रेमी झैँ
हाँस्यो ऊ मुसुक्क
अनि
पक्रियो उसले
गुनासोको संसारमा रमाउने तिनीहरूको हात

र सुम्सुम्याउँदै तिनीहरूका फोहोर गाला
चुमे झैँ गरी
गाड्यो दाह्रा
ती सबका शरीरमा ।

एकादेशमा
थिए रे मानिसहरू
जो यसरी नै टोकिए, सकिए
अनि
जसको आफ्नै पलायो घिनलाग्दो दाह्रा
र विचरण गर्न थाले अन्धकारमा
'गुहार-गुहार' को आवाज पछ्याउँदै ।

एकादेशमा
थिए रे यस्ता प्राणीहरू
जो फेरि कहिल्यै मान्छे हुन सकेनन् ।

ईश्वर
उदास आँखाले
यो सब हेरिरह्यो
हेरिरह्यो...।

२/९/९८

# स्फटिकको चिसोभित्र कैद इतिहास

एकचोटी
एउटा इतिहास-
एकादेशको कथाभन्दा
धेरै सत्य एउटा इतिहास
पग्लिएर आफ्नै आगोमा
बलेछ लाभा झैँ ।

एउटी वीराङ्गना
दन्त्यकथाकी परीभन्दा
धेरै सत्य एउटी वीराङ्गना
जन्मिएर आफ्नै गर्भबाट उठिछ जीवन झैँ ।

थाहै भएन
निलेछ त्यो लाभाले जीवनलाई कि
पिएछ जीवनले तातो लाभालाई
ती एकाकार भए

अहँ
थाहै भएन
लपेट्यो इतिहासले उसलाई वा
धारण गरी वीराङ्गनाले इतिहास

ती साँच्चै एकाकार भए

तर
जमेकी छ ऊ आज
चिसो इतिहाससँगै
स्फटिकको ठण्डीभित्र कैद भएर
दूर क्षितिजमा सुनिँदैछ
धारिलो, चिसो
बरफको धारले आहत
घाइते मान्छेको क्रुद्ध आवाज

"के अब कहिल्यै बग्दैन
लाभा इतिहासको
आगो के मरिसक्यो ?
जीवन के उठ्दैन फेरि?
के दन्त्यकथा भई
वीराङ्गना ?"

२३/५/१९९७

## छि !

कुर्सीको मोह–
त्यो जमराको रहर
पहेँलो बन्ने

मार्च २००४

# जनता

"त्यसै हाँस्छ यो मोरो "
सायद तिमीले नै भनेका थियौ
अलि अलि लजाउँदै
आफ्नो कुनै मूर्खतामाथि ।

ऊ भने
अनुशासित भएर हाँसो थाम्दै
चुपचाप
लुसुक्क
लाग्यो क्यारे एकातिर
तिम्रा कृत्यहरूबारे एक शब्द नबोली ।

"त्यसै रुन्छ यो मोरो"
आज तिमी गर्जिदैँछौं हातमा लट्ठी लिएर
निकै गर्वका साथ
आफ्नो शक्तिमाथि ।

ऊ भने
सुधीर भएर आँसु थाम्दै
चुपचाप लागेको छ
मन्दिरतिर

तिम्रो मनभित्र
अहङ्कार गर्जिदै छ
र
त्यो गर्जनले बहिरा भएका तिमी
शायद सुन्न सकिरहेका छैनौं ।

प्रार्थनामा लीन ऊ
ईश्वरसँग भन्दै छ
प्रभु मलाई शक्ति देऊ
म क्षमाशील रहन सकूँ ।

१८/९/०३

# धरहरा–लासहरूको

उसलाई त मैले चिनेको छु
विगत पाँचहजार वर्षदेखि ।

हरेक युगमा ऊ यसैगरी
आफ्नो स्मारक बनाई रहन्छ
लासहरूको धरहरा ठड्याएर
आफ्नो लिप्साको लिउन लगाइरहन्छ ।
(उसलाई त मैले चिनेको छु
विगत पाँचहजार वर्षदेखि)

तर तिमी चाहिँ को हौ ?

आँखाको नानीभित्र
आफ्नो प्यारो सुन्दर सपना लिएर
यता-उता हिँडिरहने
मृदुभाषी सुकोमल सुन्दर मान्छे !
किन सघाइरहेछौ उसको त्यो स्मारक निर्माण गर्न ?

नियालेर त हेर !
तिम्रो त्यो प्यारो सपना
गजुर भएर उभिसक्यो
लासहरूको त्यो धरहरामाथि !

गृष्म, २००३

## घामको सपना

धेरै वर्षदेखि
ऊ यो यात्रामा छ ।

मान्छेको छोरो न हो !
सपना देख्थ्यो ऊ– घामलाई आफ्नो हातमा खेलाउने
रहर गर्थ्यो ऊ– घामको न्यानोले भुइँ तताउने
त्यसैको लागि निस्केको थियो यात्रामा
जब ऊ अझै बच्चै थियो,
कलिलै थियो ।

बाल्यकालका उसका
कोमल सुन्दर हातहरू
रुखा चट्टान समाउन पुगेथे
कलिला उसका पैताला
भीरको छाती टेक्न पुगेथे
केवल एउटै धोको लिएर-
डाँडाको टुप्पोमा पुग्ने
र नीलो आकाशमुनि
घामसित निर्बाध खेल्ने ।

साना कोमल हातहरू

जो घाम खेलाउन सधैँ लालयित थिए
हेर्दाहेर्दै बलिया र जवान भए

उसको यात्रा दुरुह बन्दै गयो
र पनि ऊ हिँडी नै रह्यो
किनकि घाम उसलाई बिछट्टै प्यारो थियो ।

विस्तारै–विस्तारै
उसका हातहरू त्यति सुन्दर रहेनन्
जीर्ण भए, कमजोर भए गोडाहरू
अब त्यति बलिया रहेनन्
र पनि ऊ हिँडि नै रह्यो ।

आखिर, एक दिन
जब ऊ पुग्यो चुचुरोनिरै
बिर्स्यो उसले घामका सपना

धमिलो भैसकेको
निस्तेज दृष्टि लिएर
छ्यामछ्याम छ्युमछ्युम गर्दै
एउटा ढिस्को चढ्छ, लड्छ
अर्को ढिस्को चढ्छ, लड्छ
स्वप्नरहित !
निरुद्देश्य !!

वर्षौंसम्म बोकेको
खै कहाँ गयो उसको घामको सपना

ए, कसैले खोसेको छ कि ?

कसैले चोरेको छ कि ?
कि राखिदिएको छ जतन गरेर
भविष्यका सन्ततिका लागि ?
५/६/९६

# रेतासुरको राज्यमा

यही ठाउँ हो त्यो
तिमी र म उभिएको ।

जहाँ कविता र सङ्गीत
सुगन्ध र हरियाली
अनौठो बिल्कुलै लाग्दैनथ्यो
छोडिदिएपछि मान्छेको मायाले फेरि
हृदयको शूल जाग्दैनथ्यो ।

विनम्र, लज्जालु हरियालीमा त्यो
टुसाएछ कुनबेला मृत्युको अङ्कुर !
हुर्किएछ कसरी, झाङ्गिएछ कतिबेला
जगतै ढाकेर यो रेतासुर !

वीणाका झङ्कारहरू
निस्कन नपाई तारहरूबाट
हावामै सुक्छन्, जम्छन् र धारिला वाण बन्छन्
बगेका कविता अक्षरहरू
लठारिन्छन् अराजक भई र चर्का नारा बन्दछन् ।

बिउँझौँ प्रिये !

हरियाली र सगन्धको धङधङीबाट
र आँखा खोलौँ
हेरौँ यी अमान्छेहरूको संसार
कति निर्लज्ज भई
यिनीहरू गरिरहेछन्– हेर न मृत्युको व्यापार !

अब चुप लाग्नुको कुनै अर्थ छैन
निष्फिक्री गाइदेऊ तिमी
बने बन्न देऊ– तानहरू सब वाण बन्लान्
अब त लेख्छु मै पनि कविता
भने भन्न देऊ–मार कविलाई हान भन्लान् !

जेठ, २००४

# रहर

उम्र्यो ढुङ्गामा
हुर्किंदो पीडा बोक्दै
रहर मान्छेको ।

२७/२/०४

# आँसु

ऊ आँसु बनेर बगी
सडक भरी
र जमी झरीको चिसोमा
ऐना भएर उठी मान्छेको सामु
र फुटी सहस्र टुक्रामा ।

ऐनाका टुक्राहरूभित्र
खण्डित, अपूर्ण
आफ्ना हजार रूपदेखि
मान्छे जब सक्पकायो

"ऐनाभित्रको पाखण्डी, पापी
म हैन"– भन्न खोज्दा
मान्छे जब लक्पकायो

जमेकी ऊ सल्बलाई
अलिकति चल्मलाई

"लौ न ! अझै त लाज बाँकी रहेछ मान्छेमा "
भन्दै
पग्लिएर अलिकति झिनो जीवनको तातोमा
ऊ
फेरि
आँसु भै टल्पलाई ।

वर्षा, ९८

# पीडा नीलकण्ठको

हे महादेव !
ए शङ्कर !

भन त नढाँटी,
दुख्दैन के साँच्चै त्यो नीलो घाँटी ?

कि तिमीसँग पनि छ
हिउँ जस्तो कुनै चीसो पीडा
जसले काठिएको छ
तिम्रा चीसो छाला
र तिमीलाई दुख्दै-दुख्दैन ?

या कुनै लेप छ तिमीसँग
निस्पृहाको
जसले लेपिएको छ तिम्रो बुढो गला
र विषले तिमीलाई पोल्दै पोल्दैन ?

ए शङ्कर !
म मान्छे तिमीसँग सोध्दैछु
भन त नढाँटी
के तिमीलाई रिस उठ्दैन ?

जब भक्तहरू आएर प्रार्थना गर्छन्
र भन्छन्-
“हे प्रभु !
फेरि एकचोटी पिई देऊ न हलाहल
जो निस्किरहेछ मेरै जीवनबाट
मन्थन भएर मेरै पापको डोरीले ”

जनवरी, १९९९

# के त्यो मान्छे हो ?

हिजो आज
छोरी
जब जब सपनाबाट बिउँझन्छे
किन हो कुन्नि
प्रायश : टोलाउँछे
सुन्दर आँखामा पोतेर तुवाँलो
सोध्छे मसँग
“बा ! कस्तो हुन्छ मान्छे ? ”

आजकल उसको सपनामा
प्राय : एउटा साकार पिण्ड आउँछ रे
रङ्ग र स्वादको पत्रपत्र खोलमा लपेटिएर
त्यसै त्यसै त्यो हिनहिनाउँछ रे
साँगुरो इनारको पिँधबाट
हेर्दै सानो चोइटा आकाशलाई
सत्य भेटेको घोषणा गर्छ रे
अनि गर्जिन्छ रे
ऊ मान्छे हो !
ऊ नै मान्छे हो !!
ऊ मात्रै मान्छे हो !!!

आजकाल
प्रायश :
बिउँझनासाथ टोलाएर एकछिन्
उसले देखेको सपना सुनाउँछे छोरी
र सोध्छे
“बा !
के त्यो साँच्चै मान्छे हो ?”

२०/६/९६

# मेरो प्रिय कवि

मेरो प्रिय कवि
आजकाल कविता नै लेख्दैन ।

भोकाएको बेला
छटपटिए पनि, रोए पनि
अँगेनाको छेउमा बसेपछि
मुख रसाउँछ
दुई चार गाँस परेपछि
सुकेको आँत नै रसाउँछ
र भोक मरिसकेपछि
म कविता लेख्छु–भोककै बारेमा

तर मेरो प्रिय कवि
कविता नै लेख्दैन ।

मुख थुनिएको बेला
बोल्नै नपाएर छट्पटिए पनि
धुरु धुरु रोए पनि, रिसले मुर्मुरिए पनि
परबाट आएको धुन सुन्दा
म पनि गुन्गुनाउँछु

रिस मरेपछि, पीडा घटेपछि
म कविता लेख्छु–अभिव्यक्ति स्वतन्त्रताको बारेमा

तर मेरो सबभन्दा मन पर्ने कवि
आजकल बिल्कुलै कविता लेख्दैन ।

जुन, २००२

## मान्छे खडेरी

क्यामराको भीड ?
तस्वीर त रित्तो रै'छ !
मान्छे भए पो !!

फरवरी, २००४

# समारोह

ऊ आयो
मलाई बोलायो, म आएँ
उसले भट्टयायो
मलाई लगायो, मैले पनि भट्टयाएँ ।

गम्भीर थिए श्रोताहरू
अझै गम्भीर भएर मुखामुख गर्दै रहेछन्
“ठूला मान्छे रे यिनीहरू त !
ठूलठूलै कुरा गर्दा रहेछन् ”

ऊ मुसुक्क हाँस्यो
मतिर हेऱ्यो, म पनि फिस्स हाँसिदिएँ
ऊ फर्कियो
मलाई बिदा गऱ्यो, म पनि फर्किएँ ।

अर्को वर्ष
अर्को तक्मा पाएको खबर उसले पठायो
“फोटो खिच्न म आउँछु
हवाइजहाजको टिकट पठाइदेऊ ”
मैले पनि चिठी पठाएँ ।

८/८/०२

# लाहुरेकी तरुनी स्वास्नी

पहिलोचोटि विदेश गएर फर्केकी छ
लाहुरेकी तरुनी स्वास्नी ।

ऊ ठाँटिएकी छ नयाँ लुगामा
गरगहना र अत्तरको सुगन्धमा
र डुलाइरहेकी छ चन्चल आँखा
क कसले हेरेका छन्,
क कसले देखेका छन्
कसैले हेरिरहँदा पनि झर्को लाग्ने
कसैले नहेरिदिँदा फेरि चित्त दुख्ने

कतै देखेदेखे जस्तो लाग्छ यो चपलालाई ?
भर्खरै सेतो कोट लगाएको डाक्टरको आँखामा
हो कि
तरुण कविको, कविता सुनाउने आतुरतामा हो कुन्नि ?

८/८/०२

# मान्छेको छोरी

वर्ष दिनकी मान्छेको छोरी
फर्केर हाँस्दै मतिर हेरी
छक्क परी सोध्यो यो मनले
यो फुच्चीले लौ न के गरी !

पढिछ कि कुन्नि उसले मेरो मन
सिँगाने अनुहारबाट मेरो हाँसोलाई
थन्क्याएर एक छिन्
मेरो आँखामा खोतले झैँ हेरी
ऊभन्दा अघि बोल्न थालेका
निर्मल आँखाहरूले
ठाडै सोधे मलाई–"साइनो पो खोज्दै छौ मसँग फेरि ?"

अल्मलिएको मलाई देखेर होला
फेरि हाँसी ऊ जोडसित
र
कलिला डोला हातहरूले टेबुल ठटाउँदै
स–सानो एउटा भाषणै गरी
"साइनो त
मान्छेको सिङ्गोपनको टुक्रा हो सानो
म टुक्रिनै नचाहने मान्छेकी छोरी "

–हिउँद, २०६०

# गाउँको त्यो बुढो मान्छे

जस्तै धूमिल होस् आकाश
जस्तै चिसो होस् धरती
मुसुक्क पोतेर मुस्कान
चाउरी परेका गालाहरूमा
स्वागत गरिरह्यो उसले मलाई
त्यो निष्ठुर जाडो भरी
र गुन्जिरह्यो आकाश भरी
त्यो मधुर गान ।

कौतूहलले एकछिन छाडेन मलाई ।

थाम्नै नसकी उत्सुकताको भेल
जब सोधेँ– बूढा बा ! के हो यो खेल ?
कहाँबाट निचोर्‍यौ यो मुस्कान ?
भावनाको यो खडेरीमा
तिम्रो मनको मुरलीमा निस्कन्छ कसरी या सुरिलो तान ?”

दिव्य आभा झुल्कियो
त्यो बूढो अनुहारमा
र देखेँ मैले त्यो आभामा
उसको र जगतबीचको सीमा

पग्लँदै विलिन हुदै गइरहेको छ
ऊ नै ब्रम्हाण्डमा लिन भइरहेको छ
सिङ्गो ब्रम्हाण्ड
उसमै विलिन भइरहेको छ

उसको सिङ्गो अस्तित्व
दिनुमै अडिएको छ
फुलेका सेता केसहरू–दिइरहेका छन्
चाउरी परेका गालामा देखिने
स-साना तरङ्गहरू–दिइरहेका छन्
उसका शब्दहरू दिइरहेका छन्
गाँठा पार्न थालेका औंलाहरू–दिइरहेका छन्
र ऊ भने आफैं
कृतज्ञताको
पवित्र सरोवरमा नुहाइरहेको छ

स्वप्नबाट बिँउझेसरी
फेरि
उसको दम्भरहित
दिव्य अनुहार
मेरा आँखाअघि झुल्किए
उसलाई सोध्न
मसँग कुनै प्रश्न बाँकी थिएन ।

# मुस्काराइरहने ए युवती !

“पोको पारेर पीरहरूलाई थन्क्याउँछु म एकातिर
र बाँच्ने प्रयासमा
मुस्कुराइ दिन्छु ”
–यसै भनेकी थियौ तिमीले
मेरो प्रश्नको जवाफमा ।

मुस्काइरहने ए युवती !
केवल एउटा अर्को प्रश्न छ मेरो
त्यो कुन दिन
कुन घडी होला
त्यो कुन पल
कुन शुभ साइत होला
जब मन रुँदा तिम्रो
तिमी पनि रुन सक्छ्यौ
पग्लिँदा मनभित्र पीडाको बरफ
आँसु बनाइ झार्न सक्छ्यौ ?

त्यो दिन
त्यो घडी
त्यो पल पर्खिरहेको छु म
त्यस पलको

तिम्रो मधुर मुस्कान पर्खिरहेको छु म ।

१९/९/०३

# पीडा

अलिखित हुन्छन्
धेरै भेलहरू सडकका आँसुको
अव्यक्त हुन्छन्
धेरै पोकाहरू मान्छेको पीडाको

केही शब्दहरू कोरेर कागजमा
उत्तरदायित्व निर्वाह गरेको
भ्रममा रमाउने कवि
रोइरहेका तिम्रा एकएक रौँलाई सोधेर हेर
लेखेर सकिन्छ र कहिल्यै
कविता पीडाको ?

१८/९/०३

# पीडाको चित्र

ढुङ्गामा बुट्टा !
पीडाको सुन्दर चित्र-
मेरो मनजस्तै ।

फरवरी, २००४

# मरुस्थलको कथा

मरुस्थल पनि हाँस्दछे
यदाकदा
पत्याउँछौ तिमी ?

मैले त देखेको छु
उषामा मरु भू हाँसेको
कलिलो घामसँग
लिएर रातो पछ्यौरी पैँचो
डराई डराई त्यो नाचेको ।

छोटो थियो उत्सव
उसको ।
दिनभरि त
ऊ फेरि ढलिरही
बालुवाको तातोमा बिचरी
निःशब्द जलिरही ।

पीडाको कराहीमा
पाकिसकेपछि त्यसरी
के हाँस्न सक्थ्यौ तिमी भए ?
मैले त देखेको छु

दिनभरिको नर्कवासपछि पनि
मरुभूमि
सन्ध्यामा फेरि हाँसेको
रातो बर्को मागेर
बूढो घामसित एक छिन्
हतार-हतार त्यो नाचेको ।

छोटो थियो तर उत्सव उसको
रातभरि त ऊ फेरि रोई रही
जूनको आँसु पुछिदिँदै
ठिहिऱ्याएको हातले
मनको बह पोखिरही ।

दिउँद, २०६०

# छोरी र चित्र

मेरी सानी छोरी
एउटा चित्र कोर्छे
र
मलाई देखाउँछे ।

“के हो बाबा यो ?”
म सोध्छु
“यो ? म !”
ऊ लाडिँदै जवाफ दिन्छे
र
सानी पुतली जस्ती ऊ
आफैँजस्ती भएर हाँस्छे ।

म राम्ररी हेर्छु
र देख्छु-
चित्रमा केवल एउटा बिन्दु छ ।

“के हो बाबा यो ?”
उसको केटाकेटीपनमा हाँस्दै म सोध्छु

“मान्छे !’

अलि गम्भीर भएर ऊ भन्छे
सिसाकलम चपाउँछे
र थुकले भिजेका ससाना औँलाले
मेरो ओठ समाउँछे ।

म फेरि उसको कृतिमा घोरिन्छु ।

अचानक यस्तो लाग्छ
उसले साँच्चै केही बनाएकी छ
जो छ र पनि छैन
छैन र पनि छ
केही छ उसको चित्रमा
जसलाई म केवल अनुभूत गर्न सक्छु ।

आँखा मिच्दै, जिल्ल परेर म सोध्छु
"के हो छोरी, यो ?
भगवानको विराट स्वरूप ?
कि ब्ल्याक होल सिंगुल्यारिटी ?"
जवाफमा ऊ मुसुक्क हाँस्छे
संसारको सबभन्दा सुन्दर फूलजस्तो
साँच्चै मान्छेकी छोरीजस्तो ।

मेरी सानी छोरीले कोरेको चित्रमा
म उसैलाई देख्छु
मान्छेको निष्कलङ्क आदि सुन्दरता देख्छु
मेरो सबभन्दा सुन्दर कल्पनाको मान्छे देख्छु ।

# ईश्वर, मान्छे र सैतान

जिन्दगीको अपूर्व उपहार
गजबको टिम छ मसँग
हामी तीनको ।

एउटा म,
एउटा ऊ
र अर्को ऊ ।

एउटा ऊ
पतरपतर बोलिरहन्छ
र भन्छ
ऊ सधैँ सही छ
सधैँ विजयी छ
विषाद, ग्लानि कहिल्यै देखिन्न उसको मुहारमा
रिस, आवेग, गति र आकर्षणको धनी ऊ
फकाउन फुल्याउन, झुक्याउन र झुलाउन
उत्तिकै सिपालु छ ।

अर्को ऊ
चुपचाप मधुर मुस्कान छरिरहन्छ
न हो भन्छ, न होइन भन्छ

न सक्छु भन्छ, न सक्दिन भन्छ
तर करुणा जस्तो केही सधैँ देख्छु म उसका आँखामा
जहाँबाट अविरल टप्किन्छ सुन्दर कोमल निमन्त्रणा ।

म, मान्छे
दुवैलाई रिझाउने प्रयत्नमा
जिन्दगीको अर्को उपहार -
समयलाई
पाखण्डको भट्टीमा जथाभावी उडाइरहेछु
आफैँलाई ढाटिरहेछु
ती दुईलाई ढाँटिरहेछु ।

के ती दुई
सैतान र ईश्वर पनि
सबैलाई ढाटिरहेका त छैनन् ?

३/२/२००४

# सैतानको युग

क्षमा गर भगवन् !
अब यो रुखको वास
तिमी छोडिदेऊ
र चित्त बुझाऊ
सानो गमलाको तुलसीमा
यो त पीपलको रुख हो
पायो भने बेस्सरी फैलिन्छ यो
जगतै ढाक्न सक्छ यसले त ।

म त मान्छे
तिमीलाई जत्तिकै खुसी पार्नुपर्ने
अर्को छ मेरो जीवनमा
सैतान ।

उसको लागि
तिमीलाई जत्तिकै ठाउँ चाहिन्छ यहाँ
युग त
तिम्रोभन्दा बढी उसैको हो ।

हिउँद, २०६०

# पहिरो र मान्छे

प हि रो ...
के यो श्राप हो कसैको ?

श्राप
जो कहिल्यै सुन्दर हुँदैन
श्राप
जो कहिल्यै कोमल हुँदैन
कहिल्यै सहज स्वीकार्य हुँदैन ??

प हि रो ..
के यो श्राप हो कसैको ?

कुरूप धारिला चट्टानहरूको
कवच पहिरिएर

पैशाचिक शक्तिलाई
अलच्छिनमा पोको पारेर
बहुलाएको तानाशाहजस्तो पहिरो
घोच्ने आँखाले मलाई यसरी हेर्छ
कि ऊ मसित अघिल्लो जन्मदेखिको बदला लिन चाहन्छ
बारम्बार मानिसको रगत पिएर पनि
कहिल्यै तिर्खा नमेटिएको

विक्षिप्त हत्यारा जस्तो

ऊ जताततै लासहरू देख्न चाहन्छ ।

विभीषिकाको अभिलेख भएर उभिएको
नाङ्गो पहिरोको अगाडि
म
मान्छेको सन्तान
“हे भगवान !” मात्र भन्न सक्छु
निरीह बन्छु
बिस्तारै-बिस्तारै लास हुँदै गएको अनुभव गर्छु
अलि-अलि मर्दै जान्छु
मर्दै जान्छु ।

तर
त्यही पहिरोको शिरमाथिबाट
त्यो सानो सुन्दर हरियालीबाट
ढिकी र जाँतोको आवाजसँगै
माटो र पसिनाको सुवाससँगै
“माता मे पृथ्वी
पुत्रो ऽ हं पृथिव्या”
भन्दै
जीवन जत्तिकै सुन्दर केही
मुसुक्क हाँस्छ
आहा !
मान्छे हाँस्छ ।

२६/५/९७

# घाउ

गहिरो पीडा
वर्षाको चोट्को हो कि
हिउँदको खतको ।

फरवरी, २००४

## ढुङ्गा

ढुङ्गा-
त्यो साह्रो चीज
जो सधैँ निष्ठुरताको प्रतीक भयो
- कविका निम्ति

ढुङ्गा -
त्यो निर्जीव चिज
जो सधैँ कठोरताको प्रतीक भयो
कविका निम्ति

एक दिन
काटियो
ताछियो
घोटियो
मूर्तिकारको हातबाट
र एउटा सुन्दर अनुहार देखा पर्‍यो ।

आँखाभरि टिल्पिल-टिल्पिल आँसु लिएर
मुहारमा किञ्चित मुस्कान पोतेर
केही लजाए झैँ गरी
कृतज्ञ स्वरले बोल्यो ऊ सुस्तरी

मूर्तिकारसँग-

“प्रिय मानव !
स्वीकार गर
मेरो मनको बगैँचामा फुलेका फूलहरू !”

# आँसु र उत्सव

सक्नेहरू भन्छन्
उत्सव हो जिन्दगी- रमाऊ
हावामा उडिरहेछन् अवसरहरू
हात बढाऊ
र च्याप्प समाऊ ।

आँखामै अल्झिन्छु एकछिन् भन्दा पनि
मुहारमै टल्किन्छु एकछिन् भन्दा पनि
आश्रय नपाएर भुइँमा टप्किने
आँसुले-

आँसु नै रहन देऊ मलाई एकछिनभन्दा पनि
छरिएर भुइँमा
धुलोसँग हराउने
आँसुले-

कहाँ खोजोस् अवसर ?
उत्सवको त के कुरा ?

१८/९/०३

# ऊ आएन

भनेर त कहिल्यै आएन ऊ
भनेर त कहिल्यै गएन ऊ ।

पर्खेर बसेँ कि बसिन म कुन्नि !
शायद ऊ म पर्खेकै ठान्थ्यो
र त आउँथ्यो बरोबर
मेरो सपनामा पनि

आफ्नो ठानेँ कि ठानिन उसलाई कुन्नि !
शायद ऊ मलाई आफ्नै ठान्थ्यो
र त पस्थ्यो बराबर
मेरो मनभित्रको मनमा पनि ।

ऊ आउने-जाने बाटो
कतै भत्किएछ कि कुनै बेला,
मलाई वास्तै भएन छ
मनको चुकुल लगाइदिएछन् कि
कसैले कुनै बेला
मलाई होसै भएन छ ।

आलस्य र अकर्मण्य

अनि तिनका असङ्ख्य सन्तानसँग
मैले चाडपर्व मनाई रहेँ
मैले भोज खाइरहेँ ।

एक दिन
जब मलाई शून्यताको आभास भयो
जब एक्लोपनको मलाई त्रास भयो
खोजेँ उसलाई यतै कतै छ कि भनी
छामी हेरेँ
मनभित्रै पो लुकेको छ कि भनी

भनेर त कहिल्यै आएन ऊ
भनेर त कहिल्यै गएन ऊ
तर यसपालि
नभनीकन पनि आएन
ऊ
आउँदै आएन ।

१२/३/०३

# बादलको कविता

कहिले
कसरी
बादलको कविता लेख्न थाले छ कवि
रङ ?
आकृति ?
खै मनमा बसेछ बादलको कस्तो छवि !

बादलकै कवितामा ऊ रमाइरह्यो
बिर्सिएर सबथोक, शब्दशब्दमा बादल समाइरह्यो ।

निमेष, पल हुँदै शायद युग बिते ।

थाकेका औँलाहरू
पाट्टिएका गोडाहरू
दुःखेको ढाड सोझ्याउन
थोत्रो भित्ताको आड लिएर
उठ्यो जब जिउ तन्काउँदै ऊ

जीवनको अधैर्य तरङ्गले
उसलाई छाडेर भागिसकेछ
दुनियाँको मतलबी रङले

गिज्याउँदै कविलाई त्यागिसकेछ
बादलको कविता लेख्दा-लेख्दा
कविताकै बादलले निलिसकेछ ।

# ईश्वर र बालिका

बोलायो उसले
मैनबत्ती बाल्दै येशुलाई
क्रसको अगाडि घुँडा टेकेर

घुक्र्यायो उसले
भजन गाउँदै कृष्णलाई
मूर्तिअगाडि हात जोडेर

कपालै खौर्‍यो एकदिन
र पहेँलो वस्त्रमा बेरियो ऊ
"धम्मं शरणं गच्छामि" भन्दै

मन्त्रोच्चारण गरिह्यो
गुरुले दिएको जपमाला गन्दै

ईश्वर
केही गर्दा पनि देखा परेन
हाँसिरह्यो बरु कुनाबाट
उसको कुनै वास्ता गरेन ।

दिक्क भएर उसले टाउको उठायो

र छेउमा उभिएकी छोरीको हात समायो
मुसुक्क हाँसी त्यो बालिका जब
ऊ पग्लियो

बालिकाका सुन्दर आँखामा
ऊ हरायो ।

अनि
उसको मनको तार झनझनायो
कृतज्ञतामा ऊ अनायास गुनगुनायो ।

एकछिन अघिसम्म लुकिबसेको
त्यो ईश्वर
दिव्य मुस्कान लिएर अचानक देखापर्‍यो
दिव्य हर्षको वर्षा भयो त्यहाँ
त्यही ठाउँमा
जहाँ उसले एकछिन अघि
भगवानलाई- फकायो
        बोलायो
        घुर्क्यायो
        थर्कायो ।

१८/३/०३

# साँझ

कालै देखिन थालिसकेछ धर्ती त !
क्षितिजमा देखिएको
त्यो सुन्तला रङको सुन्दर घेरा के हो ?

बुढेसकालको हाम्रो प्रेमजस्तो ।
त्यसमाथि हाँसेको फिक्का सुनौलो रङ के हो ?
भगवानको मूर्तिअघि बलिरहेको दियोजस्तो !

अहा ! त्यो खुलेको उज्यालो आकाशे रङ्ग
पखालिएर सफा भएको सुन्दर मनजस्तो
अनि यो सबलाई पर्खाल लगाएर बसेको गाढा नीलो रङ्ग
बाँचू-बाँचू लागिरहने जीवनको मोहजस्तो

साँझ !
बाँचेर हेर्नुपर्छ
अनि पो सुन्दर देखिन्छ ।

८/८/०२

# एयरपोर्ट

वर्षौंदेखि म उडिरहेछु
एक एयरपोर्टबाट अर्को एयरपोर्टमा
कहाँ-कहाँ पुगेँ कुन्नि !
छोड्न चाहेको ठाउँ कहिल्यै छोडिएन
कहाँ-कहाँबाट उडेँ कुन्नि
अवतरण गर्ने ठाउँ कहिल्यै फेरिएन

जहाँबाट उडे पनि
जहाँसुकै पुगे पनि
स्वार्थको पिंजरामा कैद
तिनै मान्छेको
सानो साँघुरो
उही दुनियाँ !

८/८/०२